# भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

**BHARATPUR METROPOLITAN CITY**

office of Municipal Executive

Bharatpur, Chitwan, Nepal

फोन नं;-०५६-५१२४१६


मिति २०८०/०८/०६

## विषय : सूचना ।

प्रस्तुत विषयमा यही मिति २०८०/०२/०१ गतेका दिन स्थानीय बालअधिकार समितिको बैठकबाट बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ को उपदफा (२) र बालबालिका सम्बन्धी नियमावलीको नियम ८३ को उपनियम (१)(२) बमोजिम समाजसेवी तथा बाल मनोविज्ञलाई सूचीकृत गर्ने व्यवस्था अनुरुप समाजसेवी तथा बालमनोविज्ञ सूचीकृत गर्न दरखास्त माग गर्ने भन्ने निणर्य भएकाले तपसिलको योग्यता पुगेका व्यक्तिहरुले निम्न लिखित कागजात सहित यही मिति २०८० मङसीर २४ गते कार्यालय समय भित्र महिला, बालबालिका तथा समाजकल्याण शाखामा व्यक्तिगत विवरण सहित निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**आवश्यक न्यूनतम योग्यता**

(१) नेपाली नागरिक,

(२) कुनैपनि नैतिक पतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएको,

(३) असल चरित्र र आचरण भएको,

(४) समाजसेवीका रुपमा सूचीकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरेको र सामाजिक कार्य सम्बन्धी विषयमा कम्तीमा एक महिना लगातार वा पटक-पटक सम्बन्धित विषयको तालिम प्राप्त गरेको,

(५) बाल मनोविज्ञका रुपमा सूचीकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान सम्बन्धी विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा बाह्र कक्षा उत्तीर्ण गरी मान्यता प्राप्त निकाय वा तालिम प्रदायक संस्थाबाट बाल मनोविज्ञान सम्बन्धी कम्तीमा एक महिना लगातार वा पटक पटक सम्बन्धित विषयको तालिम प्राप्त गरेको ।

सर्म्पक : बरिष्ठ महिला विकास अधिकृत सुशीला वाग्ले (सर्म्पक नं. ९८४५७०३८७७)

(शान्ताकुमारी पौडेल)

बालकल्याण अधिकारी

स्थानीय बाल कल्याण अधिकारी